प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५
चलानी नं. : ३०१

CDS
and
Clearing Ltd.

# प्रेस विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले नेपाल स्टक एक्स्चेन्ज लिमिटेड(नेप्से) संगको संयुक्त आयोजनामा प्रदेश नम्बर एक र प्रदेश नम्बर चारका दुई-दुई शहरमा **"लगानीकर्ता सचेतना तथा अन्तरक्रिया कार्यक्रम"** को आयोजना गरेको छ। प्रदेश नम्बर एक अन्तर्गतको कार्यक्रम सुनसरीको ईटहरीमा र झापाको दमकमो आयोजना गरिएको थियो। नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदको अध्यक्षतामा संचालीत कार्यक्रममा, सिडिएससिका प्रमुख कार्यकारी अधिकृत श्री देव प्रकाश गुप्ता र नेप्सेका बरिष्ठ अधिकृत श्री मुराहरि पराजुलीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।साथै, प्रदेश नम्बर चार अन्तर्गतको कार्यक्रम कास्कीको पोखरा र बाग्लुङ्गको बाग्लुङ्ग बजारमा आयोजना गरिएको थियो। नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदको अध्यक्षतामा संचालीत कार्यक्रममा, नेप्सेका सुरेश जोशी र प्रभाकर घिमिरे तथा सिडिएससिका सुरेश न्यौपानेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

पूँजी बजार संग सम्बन्धित जानकारी तथा बजारमा भएका नयाँ बिकासहरुको जानकारी प्रदान गर्ने उद्देश्यसहित यस लि ले देशका बिभिन्न सहरहरुमा यस किसिमका कार्यक्रमको आयोजना गर्दै आएको छ। कार्यक्रममा पूजिबजारमा सिडिएससिको भूमिका, धितोपत्रको अभौतिकिकरण तथा राफसाफ तथा फछ्र्यौट प्रक्रिया, आस्बा, सि-आस्बा तथा मेरो शेयर सम्बन्धी जानकारी प्रस्तुत गरिएको थियो। सिडिएससिका संचालक समितिका अध्यक्ष समेत रहनुभएका कार्यक्रमका अध्यक्ष श्री चन्द्र सिंह साउदले मेरो शेयर तथा सि-आस्बाको प्रयोग संगै घण्टौ लाइन लागेर सार्वजानीक निष्काशनको आवेदन दिएर बाँडफाँटका लागि महिनौ कुर्नुपर्ने ब्यबस्थाको अन्त्य हुने जानकारी दिदै पूँजी बजारको थप बिकासका लागि सिडिएससिले नयाँ-नयाँ प्रविधियुक्त सेवाको बिकास गरि लगानीकर्ताहरुलाई लाभान्वित गराउनका लागि सदा प्रतिबद्ध रहने जानकारी दिनुभयो।

मिति:२०७४।१०।२४

प्रवक्ता

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com